धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाइवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ८१ ◆ २०८३ असोज २१ बुधबार ◆ Tuesday, October 7, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## मण्डलसहित पाँच जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गैरकानुनी लाभ वा हानी गरेको भन्दै धनुषाको धनौजी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत गौरीशङ्कर मण्डलसहित पाँच जनामाथि मुद्दा दायर गरेको छ ।

आयोगले धनौजी गाउँपालिकाले आर्थिक वर्ष २०७७/७८ मा डिप बोरिङ जडान, शीतभण्डारको पर्खाल निर्माण तथा विद्यालय भवन निर्माण योजनाको ठेक्काको बोलपत्र आह्वानको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन नगरी नगराइ रकम भुक्तानी गरी भ्रष्टाचार गरेको भन्दै मुद्दा दायर गरेको हो ।

आयोगले तत्कालिन प्रमुख प्रशासकीय अधिकृत मण्डल, धनौजी गाउँपालिकाका तत्कालीन सह-लेखापाल विनोदकुमार मण्डल, जनकपुर टुडे मिडिया ग्रुप प्रालि तथा जनकपुर टुडे राष्ट्रिय दैनिकका प्रधान सम्पादक एवं जनकपुर टुडे मिडिया ग्रुप प्रालिका अध्यक्ष वृजकुमार यादव, अमृत मिडिया प्रालि तथा अमृत मिडिया प्रालिका अध्यक्ष एवं जनकपुर टुडे मिडिया ग्रुप प्रालिका प्रमुख कार्यकारी अधिकृत राजेन्द्र यादव र अमृत मिडिया प्रालिका बजार प्रतिनिधि सञ्जयकुमार यादवविरुद्ध जनही रु तीन लाख ८० हजार बिगोसहित भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर बिगो तीन लाख ८० हजार कायम गरी कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर गर्न माग दाबी गरिएको बताउनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीको 'हामी आउँदैछौं' अभियान धादिङमा सुरु

## जनताको अपेक्षा बुझ्न अभियान संचालन : प्रवक्ता खरेल

❑ *प्रत्यूष समाचारदाता*

धादिङबेशी । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) धादिङले नागरिकका गुनासा, सुझाव र अपेक्षा सङ्कलन गर्न जिल्लाभर 'हामी आउँदै छौं' अभियानको शुभारम्भ गरेको छ । सिंहदरबार र जनताको घरबीचको दूरी घटाउने उद्देश्यका साथ सुरु गरिएको यस अभियानका लागि पार्टीका प्रवक्ता तथा प्रतिनिधिसभा सदस्य जगदीश खरेलसहितको केन्द्रीय टोली धादिङ आइपुगेको छ ।

अभियानका लागि प्रवक्ता खरेलसँगै प्रतिनिधिसभा सदस्य बसुमाया तामाङ, डा. राम लामा र पार्टीकी केन्द्रीय सदस्य सुशीला कार्की धादिङ आउनुभएको हो ।

रास्वपा धादिङका सभापति राजन अर्यालका अनुसार, टोलीले जिल्लाका विभिन्न स्थानीय तहका टोल तथा बस्तीमा पुगेर नागरिकसँग प्रत्यक्ष संवाद गर्ने कार्यक्रम तय भएको छ । "अभियानका क्रममा स्थानीय समस्या, सुझाव र अपेक्षा सङ्कलन गरी पार्टीको केन्द्रीय तहसम्म पुऱ्याइनेछ," सभापति अर्यालले जानकारी दिनुभयो ।

अभियानको शुभारम्भ गर्दै प्रवक्ता खरेलले चुनाव आउँदा मात्रै नेताहरू जनताको घरदैलोमा पुग्ने परम्पराको अन्त्य गर्न आफूहरू गाउँ फर्किएको बताउनुभयो । उहाँले भन्नुभयो, "जनताले सोचेजसरी सरकार र पार्टी चलेको छ कि छैन, उहाँहरूको अपेक्षा के छ भनेर बुझ्न हामी नागरिककै घरदैलोमा आएका हौं ।" ललितपुरबाट निर्वाचित सांसद भए पनि देशैभरका नागरिकका लागि कानुन बनाउने र जनजीविकाका सवाल उठाउने दायित्वअन्तर्गत आफू धादिङका नागरिकको अवस्था बुझ्न आएको उहाँले प्रष्ट पार्नुभयो ।



कार्यक्रममा प्रवक्ता खरेलले सदाचार र सुशासन, आर्थिक समुन्नति, रोजगारी सिर्जना, पूर्वाधार विकास (कनेक्टिभिटी) र प्रवासमा रहेका नेपालीको अधिकार सुनिश्चित गर्ने पार्टीको पाँचबुँदे संकल्पसमेत नागरिकमाझ प्रस्तुत गर्नुभएको थियो ।

सोही अवसरमा उहाँले हालैको भोटेकोशी बाढीका कारण धादिङमा भएको मानवीय र भौतिक क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै मृतकहरूप्रति श्रद्धाञ्जली र प्रभावित परिवारप्रति समवेदना प्रकट गर्नुभएको थियो ।

बाढीले भत्काएका पुल र सडक लगायतका संरचनाको चाँडै पुनर्निर्माण गरी जनजीवन सामान्य अवस्थामा फर्काउन पहल गर्ने प्रतिबद्धतासमेत उहाँले व्यक्त गर्नुभयो ।

## बागमती प्रदेशस्तरीय न्यायिक समिति सम्मेलन

❑ *प्रत्यूष समाचारदाता*

धादिङबेशी । आवाजविहीन नागरिकका लागि न्यायिक आवाज बन्दै न्यायिक समितिलाई अदालतको परिपूरक संरचनाका रूपमा विकास गरिनेसहित १५ बुँदे घोषणापत्र जारी गर्दै बागमती प्रदेशस्तरीय न्यायिक समिति सम्मेलन सम्पन्न भएको छ ।

स्थानीय तहमा न्यायिक अभ्यासलाई सुदृढ बनाउँदै नागरिकको न्यायमा सहज पहुँच सुनिश्चित गर्ने उद्देश्यले आयोजित उक्त सम्मेलन घोषणापत्र जारी गर्दै सम्पन्न भएको हो । घोषणापत्रमा समान र निष्पक्ष न्याय, जात, धर्म, लिङ्ग, भाषा, क्षेत्र, आर्थिक र सामाजिक अवस्थाका आधारमा भेदभाव नगरिने, संस्थागत सुदृढीकरण, कानुनी, प्रशासनिक, प्राविधिक र स्रोतगत व्यवस्था गरी न्यायिक समितिको संस्थागत प्रबलीकरण गरिने घोषणापत्रमा उल्लेख छ । त्यस्तै, प्राकृतिक न्याय र पारदर्शिता, निष्पक्षता, स्वच्छ सुनुवाइ र कारणसहितको निर्णय प्रणाली लागु गरिने, वडा तहमा मेलमिलाप केन्द्र, मेलमिलापकर्ताको क्षमता अभिवृद्धि र वडा तहका केन्द्रको प्रभावकारी सञ्चालन गरिने, कार्यविधिमा एकरूपता प्रक्रियागत अस्पष्टता हटाई न्यायिक प्रक्रियालाई सरल र सुगम बनाइने घोषणापत्रमा उल्लेख छ । साथै, असल अभ्यासको आदानप्रदान, सफल अनुभव र असल अभ्यास संस्थागत रूपमा साटासाट गरिने, दरबन्दी र बजेट व्यवस्थापन, कानुन अधिकृत तथा न्यायिक सहजकर्ताको दरबन्दी सिर्जना र वित्तीय स्रोत प्रबन्ध गरिने, टोलटोलमा न्यायिक सचेतना, जनस्तरका विवाद समाधानका लागि 'टोलटोलमा न्यायिक समिति' र मेलमिलाप अभियान सञ्चालन गरिने, प्रदेशस्तरीय न्यायिक सञ्जाल सङ्घ, प्रदेश र अदालतसँगको समन्वयका लागि बागमती प्रदेशस्तरीय न्यायिक समिति सञ्जाल गठन गरिनेलगायत कुरा घोषणापत्रमा समेटिएको छ ।

'न्यायिक समिति न्यायमा पहुँच, विश्वास र निष्पक्ष अभ्यास' नाराका साथ आयोजना गरिएको उक्त सम्मेलनमा बागमती प्रदेशका स्थानीय तहका न्यायिक समितिका संयोजक तथा प्रतिनिधिको सहभागिता रहेको सम्मेलनकी संयोजक एवं बूढानीलकण्ठ नगरपालिकाकी उपप्रमुख अनिता लामाले बताउनुभयो । सम्मेलनको उद्घाटन सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले गर्नुभएको थियो । उहाँले स्थानीय तहको न्यायिक बहसलाई परम्परागत विवाद समाधानमा मात्र सीमित नराखी जलवायु न्यायसम्म विस्तार गर्नुपर्नेमा जोड दिनुभयो ।

## दसैंको साइत : कात्तिक ४ गते बुधबार १०:२६ बजे विजया दशमीको उत्तम

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । यस वर्ष विजया दशमीको साइत कात्तिक ४ गते बुधबार बिहान १०:२६ बजे उत्तम रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ ।

त्यस दिन बिहान ०८:४९ बजे देवी विसर्जन गरी १०:२६ बजेको शुभ साइतमा मान्यजनबाट देवीको प्रसादका रूपमा टीका लगाउन सकिने समितिले जनाएको छ । पश्चिम मोहडा गरेर टीका लगाउनुपर्ने पनि समितिले जनाएको छ । अर्थात्, टीका लगाइमाग्ने मानिस पश्चिम फर्केर टीका थाप्नुपर्नेछ । विजया दशमीका दिन दिनभर टीका लगाउन सकिने भए पनि साइतमै टीका लगाउन चाहनेका लागि यो साइत दिइएको समितिका अध्यक्ष सह प्रा डा पुरुषोत्तम भट्टराईले जानकारी दिनुभयो ।

राज्य सञ्चालकले भने समितिले तोकेकै साइतमा मान्यजनबाट टीका, प्रसाद थाप्नुपर्ने उहाँले बताउनुभयो । देवीको प्रसादका रूपमा देशका धेरै भागमा कोजाग्रत पूर्णिमाका दिनसम्म मान्यजनबाट टीका र आशीर्वाद थाप्ने गरिन्छ । केही भागमा भने विजयादशमीका दिनमात्र देवीको प्रसादका रूपमा टीका थाप्ने गरिन्छ । नेपालमा राष्ट्रिय चाडका रूपमा दसैं मनाउने गरिन्छ । दसैंमा वातावरण नै उल्लासमय बन्छ । विभिन्न पेसा र व्यवसायका क्रममा थातथलोभन्दा टाढा टाढा रहेका नेपाली मान्यजनको आशीर्वाद थाप्न घर फर्कने गर्छन् । शरद ऋतुको उल्लासमय वातावरणमा मनाइने दसैंमा विशेषगरी नवदुर्गा भवानीको विशेष पूजा, आराधना गरिन्छ ।

असोज २५ गते बिहान ११:४७ बजे घटस्थापनाको शुभ साइत

यस वर्ष असोज २५ गते आइतबारदेखि नवरात्रारम्भ हुँदैछ । नवरात्रको पहिलो दिन घटस्थापना गरिन्छ । घटस्थापनाका लागि बिहान ११:४७ बजेको साइत शुभ रहेको छ । यो दिन चित्रा नक्षत्र र वैधृति योगसमेत परेकाले घटस्थापना गर्नुअघि चित्रा नक्षत्र र वैधृति योगका शान्ति गर्नुपर्ने उहाँले बताउनुभयो ।

असोज २६ गते फ्ुण्डा फेर्ने साइत १०:०७ बजे उत्तम रहेको समितिले जनाएको छ । फ्ुण्डा फेर्दा पश्चिम मोहडा गरेर फेर्नुपर्ने पनि उहाँले सुनाउनुभयो । असोज २९ गते बिहीबार पचलीभैरव यात्रा हुने भएको छ । असोज ३१ गते शनिबार फूलपाती पर्व परेको छ । यसै दिन बिहान ०७:३७ बजे तुलजा भवानी यात्राको साइत जुरेको छ । तुलजा भवानीलाई स्थिरासनमा राख्ने साइत बिहान १०:३९ बजेको छ ।

कात्तिक १ गते आइतबार महाअष्टमी पर्व परेको छ । यसै दिन राति भने कालरात्रि पर्व मनाइन्छ । कात्तिक २ गते सोमबार पनि अष्टमी तिथि नै परेको छ । कात्तिक ३ गते मङ्गलबार महानवमी पर्व परेको छ । कात्तिक ४ गते बुधबार विजयादशमी पर्व परेको छ । नेपालीको महान् पर्व बडादशैंको यो मुख्य दिन हो । यस दिन देवी विसर्जनको साइत बिहान ०८:४९ बजे रहेको समितिले जनाएको छ । बिहान ०८:४९ बजे देवी विसर्जन गरी साइतमा टीका लगाउनेका लागि बिहान १०:२६ बजेको साइत उत्तम रहेको छ ।

यस दिन बिहान १०:५१ बजे तुलजा भवानी यात्राको साइत छ । तुलजा भवानीलाई स्थिरासनमा राख्ने साइत भने ११:५२ बजे रहेको समितिले जनाएको छ । खड्गयात्रा पनि यसै दिन परेको छ ।कात्तिक ८ गते आइतबार सबै बलिपूर्ति गर्नुपर्नेछ । कात्तिक ८ गते आइतबार कोजाग्रतव्रत र पूर्णिमा व्रत परेको छ । यस दिन बेलुकी घर घरमा धनधान्यकी देवी महालक्ष्मीको पूजा आराधना गरेपछि १५ दिन लामो दुर्गा पक्ष अर्थात् दसैं पर्व समापन हुन्छ । कात्तिक ९ गते सोमबार कोजाग्रत पूर्णिमा परेको पनि समितिले जनाएको छ ।

बडा दसैंका अवसरमा बजार पसलमा पनि भीड हुने गर्छ । राम्रो लगाउने र मीठो खाने पर्वका रूपमा पनि यसलाई उल्लासमय वातावरणमा मनाइन्छ । दसैं नजिकिएसँगै बजारमा भीड बढ्न थालेको छ । दसैंमा सहुलियत मूल्यमा खाद्यपदार्थ बिक्री वितरणका लागि सरकारले सुपथ मूल्य पसल पनि सञ्चालन गर्दै आएको छ । दसैंमा विशेषगरी बालबालिकाले पिङ खेल्ने, चङ्गा उडाउने गर्छन् । दसैं पर्व बालबालिकाकै लागि हो भन्ने उखान पनि नेपाली समाजमा रहेको छ । बालबालिकाले रमाइलो गर्ने यो पर्वलाई प्रौढले भने देवीको पूजा, उपासना गरी मनाउँछन् । यस पर्वका अवसरमा देशभरका शक्तिपीठमा भक्तजनको विशेष उपस्थिति रहन्छ ।

*सम्पादकीय ....*

## दशैं सडक मर्मत : खर्च होइन, टिकाउ सुधार चाहिन्छ

नेपालीहरूको महान् चाड विजयादशमी तथा शुभ दीपावली नजिकिँदै गर्दा देशभर यात्रुको चाप बढ्ने समय आएको छ। यही समयमा गाउँदेखि सहरसम्म सडकको अवस्था नागरिकका लागि सबैभन्दा ठूलो सरोकार बन्ने गर्छ। यस वर्षको वर्षाले धादिङसहित देशका धेरै जिल्लामा सडक संरचनामा ठूलो क्षति पुऱ्याएको छ। कतै सडक भासिएका छन्, कतै पहिरोले अवरुद्ध भएका छन् भने कतै नाला नहुँदा वर्षाको पानीले सडक नै बगाएको छ। यस्तो अवस्थामा चाडपर्वको मुखमा सडक मर्मत आवश्यक छ, तर 'दशैं मर्मत'का नाममा हतारमा बजेट सक्ने प्रवृत्ति दोहोरिनु हुँदैन।

विगतका वर्षमा पनि दशैंअघि सडकमा माटो हाल्ने, ग्राभेल छर्ने, खाल्डाखुल्डी पुर्ने र डोजर चलाउने काम तीव्र हुने गरेका छन्। तर वर्षा वा केही दिनको सवारी चापपछि त्यही सडक पुनः बिग्रने अवस्था देखिँदै आएको छ। यसले नागरिकलाई सुविधा कम र सार्वजनिक बजेटमाथि प्रश्न बढी खडा गरेको छ। सडक मर्मतको उद्देश्य बजेट खर्च गर्नु होइन, नागरिकलाई सुरक्षित, सहज र टिकाउ यातायात सेवा दिनु हो भन्ने कुरा जिम्मेवार निकायले बुझ्न आवश्यक छ।

विशेषगरी स्थानीय तहले सडक मर्मतलाई चाडपर्वसँग मात्र जोडेर हेर्नु हुँदैन। सडकको दिगोपनाका लागि पानी निकास पहिलो आवश्यकता हो। नाला निर्माण नगरी सडकमा माटो वा ग्राभेल थप्नु दीर्घकालीन समाधान होइन। कमजोर स्थान पहिचान, नाली व्यवस्थापन, आवश्यक ठाउँमा पर्खाल तथा कल्भर्ट निर्माण, सडक सतहको उचित ढलान र गुणस्तरीय सामग्री प्रयोगमा ध्यान दिनुपर्छ। प्राविधिक अध्ययनबिना डोजर चलाएर बनाइएका सडकले केही समयका लागि आवागमन सहज बनाए पनि त्यसले दीर्घकालीन समाधान दिँदैन।

धादिङजस्ता पहाडी जिल्लामा सडक विकास नागरिक जीवनसँग प्रत्यक्ष जोडिएको विषय हो। विद्यालय, स्वास्थ्य संस्था, बजार, कृषि उत्पादन र प्रशासनिक सेवामा पहुँच सडककै कारण सहज वा कठिन हुन्छ। त्यसैले स्थानीय सरकार, सडकसम्बन्धी कार्यालय र अन्य सरोकारवाला निकायबीच समन्वय गरी प्राथमिकताका आधारमा सडक मर्मत हुनुपर्छ। कामको गुणस्तर, लागत र सम्पन्न अवस्थाको अनुगमनसमेत पारदर्शी हुन आवश्यक छ।

तसर्थ–दशैंको मुखमा सडकमा केही टिप ग्राभेल खसालेर, डोजर चलाएर र बजेट खर्च भएको कागज तयार गरेर राज्यको जिम्मेवारी पूरा हुँदैन। सार्वजनिक बजेट नागरिकको पसिनाबाट बनेको स्रोत हो; त्यसको प्रत्येक रुपैयाँले टिकाउ परिणाम दिनुपर्छ। नाला नबनाई, प्राविधिक मापदण्ड नअपनाई र गुणस्तरको अनुगमन नगरी गरिने मर्मत फेरि केही महिनामै भत्किने हो भने त्यो विकास होइन, स्रोतको कमजोर व्यवस्थापन हो। यसपटक स्थानीय तह र सम्बन्धित निकायले पुरानै अभ्यास दोहोऱ्याउने होइन, वर्षभरि टिक्ने सडक निर्माण र मर्मतको उदाहरण प्रस्तुत गर्नुपर्छ। नागरिकलाई चाडपर्वका बेला देखावटी सहजता होइन, बाह्रै महिना सुरक्षित यात्रा गर्ने अधिकार चाहिएको छ।

# मुटु भक्कानीने, भोटेकोशी बाढीको त्यो क्षण

धादिङबेशी,२० असोज। २०८३ भाद्र १०, बिहान ९:०० बजे त्यो बिहान अरू बिहानजस्तै सुरु भएको थियो घरमा चहलपहल थियो आमाको आवाज, छोराहरूको हाँसो, बुबाको व्यस्तता अनि छोरीको सानो-सानो खुसिका कुराले घर भरिएको थियो, त्यो घर उनीहरूका लागि केवल घर थिएन त्यो उनीहरूको संसार थियो घर पछाडि ५ आना आफ्नै जग्गा थियो घरसँगै उनीहरूको सानो पसल थियो त्यही पसलबाट परिवारको गुजारा चल्थ्यो त्यही घरमा उनीहरूले आफ्ना छोराछोरीको भविष्यका सपना बुनेका थिए बुबा सोच्नुहुन्थ्यो–"छोराहरू ठूलो भएपछि केही राम्रो गर्छन् छोरीले राम्रो पढ्छे यो घरमा एक दिन उनीहरूकै खुसीको हाँसो गुन्जिन्छ।" आमा पनि त्यही सपना बोकेर दिनरात परिवारका लागि खटिरहनुभएको थियो।

तर कसैलाई थाहा थिएन– त्यो बिहान ९:३० बजेपछि उनीहरूको संसार पहिलेको जस्तो रहने छैन भनेर।

बिहान ९:३० बजे...

त्रिशुलीको बहाव अस्वाभाविक रूपमा बढ्दै गयो केही समयअघिसम्म सामान्य देखिएको वातावरण अचानक त्रासदीमा बदलियो त्रिशुली ढुंगे र आसपासका बजारमा कोलाहाल मच्चियो, भाग..... भाग.....भाग..... आई सक्यो.... लई सक्यो...आईया नि मरेनि, बचाउ..... बचाउ..... बचाउ.....मानिसहरू सुरक्षित ठाउँतिर भाग्न थाले बुबाले दुई हातले छोरहरु समाउदै परिवारलाई जोगाउने प्रयास गर्नुभयो, आमाले आफ्नो सानी छोराछोरीलाई सम्हाल्नुभयो तर प्रकृतिको त्यो भयावह शक्तिका अगाडि मानिसको प्रयास कमजोर हुँदै गयो,

केही क्षणमै पृथ्वी प्रलय भएझैं र चिसो कालो लेदो घरतिर पस्यो। त्यो घर...त्यो पसल...त्यो जग्गा... त्यो सामान.....वर्षौंको मेहनत...सबै क्षणभरमै भोटेकोशीको भेलसँगै बगेर गए, तर त्यो परिवारको सबैभन्दा ठूलो क्षति सम्पत्ति थिएन, त्यो दिन आमाले आफ्ना दुई छोरालाई गुमाउनुभयो, श्रीमान पनि रहेनन्, घरमा बाँकी रहिन् एउटी आमा र एउटी छोरी यो भन्दा ठुलो बज्रपात के हुन सक्छ अरु।

पानी घट्यो, तर आमाको मनमा आएको बाढी घटेन, केही समयपछि त्रीशुली शान्त हुँदै गयो तर त्यो आमाको जीवनमा आएको आँधी कहाँ शान्त हुन्थ्यो र? जहाँ हिजोसम्म दुई छोराको आवाज सुनिन्थ्यो,आज त्यहाँ मौनता थियो जहाँ बुबाको उपस्थिति थियो, आज त्यहाँ सम्झना मात्र थियो, जहाँ घर थियो, त्यहाँ भग्न सपना थियो।

साँझ ७ बजे

आमा र छोरी शुन्यतामा थर थर काँप्दै गरेको शरिर बोकेर हात्तिगौंडा स्कुलको सेल्टमा छन्, केहीबेर पछी आमाले छोरीलाई अँगालो हाल्नुभयो छोरीले आमालाई समातेर रोइन्, दुवैसँग शब्द थिएनन्, त्यो क्षणमा आमाले छोरीको टाउकोमा हात राख्दै मनमनै भन्नुभयो–"अब तिमी नै मेरो संसार हौ।"

घर गयो, पसल गयो, तर जिम्मेवारी बाँकी रह्यो बाढीले घर लग्यो पसल लग्यो जग्गा र सम्पत्तिमा क्षति पुऱ्यायो तर आमाको जिम्मेवारी कहाँ बग्थ्यो र? छोरीको पढाइ बाँकी थियो भोलिको जीवन बाँकी थियो,बस्ने ठाउँ खोज्नुपर्ने थियो खानुपर्ने थियो,फेरि जीवन सुरु गर्नुपर्ने थियो त्यो दिन उनले एउटा कठोर सत्य बुझिन्, विपत्तिले सम्पत्ति मात्र खोस्दैन, कहिलेकाहीँ परिवारको आशा भरोसा विश्वास र भविष्य नै खोसेर प्रश्नमा पारिदिन्छ।

भाद्र २३ गते

एउटा कुरा सम्झना आयो–बीमा

बुबाले केही समय अघि परिवार र सम्पत्तिको सुरक्षाबारे सोचेर बीमा गराउनुभएको थियो त्यतिबेला सायद त्यो निर्णय सामान्य लागेको थियो तर आज? आज त्यो निर्णयको अर्थ फरक बिल्कुल फरक छ। बीमा कम्पनीमा सम्पर्क गरियो। क्षतिको सर्वेक्षण र आवश्यक प्रक्रिया अघि बढ्यो। बीमालेखको सर्त र दायराअनुसार क्षतिको दाबी प्रक्रिया अगाडि बढ्यो। दाबी भुक्तानी भयो, गुमेका आशा भरोसा र विश्वास फर्किने मुना पलायो।

बीमाले उनीहरूलाई गुमाएका मानिसहरू फर्काउन सकेन, कुनै बीमाले आमाका दुई छोरा र श्रीमान् फर्काउन सक्दैन, तर बीमाले एउटा काम गर्न सक्दो रैछ, बाँचेका मानिसलाई फेरि उभिन आर्थिक आधार दिन सक्ने बीमाको वास्तविक अर्थ यही हो रहेछ, हामी बीमालाई प्रायः एउटा कागज सम्झन्छौँ, एउटा पोलिसी नम्बर, केही कागजात, केही प्रिमियम, तर विपत्ति आएपछि त्यसको अर्थ बदलिन्छ त्यही कागज कसैको घर पुनर्निर्माण गर्ने आधार बन्न सक्छ त्यही बीमा कसैको व्यवसाय फेरि सुरु गर्ने सहारा बन्न सक्छ त्यही जीवन बीमा परिवारको कमाउने सदस्य गुमेपछि बाँचेका परिवारका सदस्यको शिक्षा, दैनिक जीवन र भविष्यका लागि आर्थिक आधार बन्न सक्छ बीमा दुःख हटाउने औषधि होइन तर दुःखमाथि थपिने आर्थिक बोझ कम गर्ने एउटा माध्यम हो। त्यो छोरीका आँखामा अझै पनि भविष्य छ।

दिनहरू बित्दै छ, आमा अझै पनि आफ्ना छोराहरूलाई सम्झेर रुन्छिन् बुबाको सम्झनाले मन भारी हुन्छ तर छोरीको



**सिताराम पौडेल**
रिजनल मेनेजर,नुवाकोट रिजन
आई.एम.ई. लाईफ ईन्स्योरेन्स कम्पनी लिमिटेड

भविष्यका लागि उनी उठ्छिन्, किनकि अब उनको जीवनमा एउटा मात्र लक्ष्य छ–"मेरो छोरीको भविष्य अन्धकार हुन दिन्नँ।" बाढीले उनीहरूको हिजो खोस्यो तर उनी आफ्नो छोरीको भोलि गुमाउन चाहन्नन् त्यसैले उनी फेरि सुरु गर्छिन् सानोबाट शून्यबाट आँसु पुछ्दै भोटेकोशीको त्यो बिहानले हामीलाई केही सिकाएर गयो, त्यो परिवारको पीडा हामी कल्पना मात्र गर्न सक्छौं,तर त्यसले हामी सबैलाई एउटा प्रश्न भने सोध्छ–यदि आज हाम्रो घरमा यस्तै विपत्ति आयो भने? हाम्रो घर सुरक्षित छ? हाम्रो व्यवसाय सुरक्षित छ? हाम्रो सवारीसाधन सुरक्षित छ? हाम्रो लगानी सुरक्षित छ? र सबैभन्दा ठूलो कुरा–हामीमाथि आश्रित परिवारको भविष्य सुरक्षित छ?

प्राकृतिक विपत्ति कहिले आउँछ भनेर हामीलाई थाहा हुँदैन तर जोखिमका लागि तयारी गर्ने समय भने आज हो। तसर्थ बीमा भनेको डर होइन, जिम्मेवारी हो, हामी आफ्नो घर बनाउँछौं व्यवसाय गर्छौं, छोराछोरीलाई पढाउँछौं,भविष्यका लागि सपना देख्छौं,त्यससँगै ती सपना जोगाउने जिम्मेवारी पनि हाम्रो हो।

बीमाले विपद रोक्न सक्दैन भूकम्प रोक्न सक्दैन आगलागी रोक्न सक्दैन मानिस गुमाउँदा उसको स्थान लिन सक्दैन तर–विपत्तिपछि बाँचेको परिवारलाई फेरि उठ्न आर्थिक सहारा दिन सक्छ।

लेखकः आई.एम.ई. लाईफ ईन्स्योरेन्स कम्पनी लिमिटेड नुवाकोट रिजनको रिजनल म्यानेजर हुनुहुन्छ।


## पर्यटन प्रवर्द्धन गरौं

- नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरौं,
- कला, संस्कृति, भेषभुषा, भाषा, परम्पराको संरक्षण एवं प्रवर्द्धन गरौं,
- स्थानीय उत्पादन, हस्तकला तथा मौलिक खानाको प्रवर्द्धन गरौं,
- पर्यटकीय क्षेत्रको स्वच्छता र सौन्दर्यता कायम राखौं,
- पर्यटकप्रति सभ्य, सहयोगी र आतिथ्यपूर्ण व्यवहार गरौं,
- पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पु-याऔं,
- सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिका लागि जिम्मेवार बनौं।

पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं।

नेपाल सरकार,
विज्ञापन वोर्ड


## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्यूष राष्ट्रिय दैनिक तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

## दुर्गा प्रसाईंलाई दुई लाख धरौटीमा छाड्न आदेश

काठमाडौँ । जिल्ला अदालत काठमाडौँले मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई रु दुई लाख धरौटीमा रिहा गर्न आदेश दिएको छ।

जिल्ला न्यायाधीश उमेशप्रसाद लुइँटेलको इजलासले आज प्रसाईंलाई रु दुई लाख धरौटी लिएर छाड्न आदेश दिएको हो । अदालतका सूचना अधिकारी शिव खतिवडाले प्रसाईंलाई धरौटीमा रिहा गर्न आदेश भएको जानकारी दिनुभयो।

विद्युतीय (इलेक्ट्रोनिक) कारोबारसम्बन्धी कसुरमा नेपाल प्रहरीको साइबर ब्युरोले प्रसाईंलाई असोज १२ गते पक्राउ गरेको थियो।

प्रहरीले विद्युतीय कारोबार सम्बन्धी कसुरमा अनुसन्धान अघि बढाउँदै प्रसाई विरुद्ध मुद्दा दर्ता गरेको थियो। सोही मुद्दामा जिल्ला अदालत काठमाडौँले मंगलबार धरौटीमा रिहा गर्न आदेश दिएको हो।

## सर्वोच्च अदालतमा नियुक्तिका लागि चार न्यायाधीश सिफारिस

काठमाडौँ। न्याय परिषद्को आजको बैठकले उच्च अदालतका चार न्यायाधीशलाई सर्वोच्च अदालतमा नियुक्तिका लागि सिफारिस गरेको छ।

सर्वोच्च अदालतमा नियुक्तिका लागि सिफारिस हुनुभएका न्यायाधीशहरूमा उच्च अदालत पोखरा मुख्य न्यायाधीश डा र त्नबहादुर बागचन्द, उच्च अदालत पाटन चन्द्रबहादुर सारु, उच्च अदालत पाटन, हेटौँडा इजलास न्यायाधीश जनक पाण्डे र उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्ज न्यायाधीश गोकर्ण डाँगी रहनुभएको छ।

न्याय परिषद्का प्रवक्ता रामप्यारी सुनुवारका अनुसार परिषद्को आजको बैठकले उक्त निर्णय गरेको हो।

**बिमा पोलीसी हराएको सुचना**

प्रकाशित मिति २०८३।०६।२१
मेरो निम्न ब्यहोराको हिमालयन लाईफ ईन्स्योरेन्स साविक प्राइम लाइफ इन्स्योरेन्स लिमिटेड बाट जारी भएको बिमा पोलिसी तथा फाईल मिति २०८३ साल साउन २१ गते गाडीमा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तपशिल नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
**नाम** : आलोक अधिकारी
**ठेगाना** : ज्वालामुखी -५, धादिङ
**पोलिसी न** : PLI1030000534
**फोन न** : ९८४९५१४६५८

# थप स्वायत्त र अधिकार सम्पन्न बन्दै प्रेस काउन्सिल

काठमाडौं । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण, पत्रकारिताको व्यावसायिक मर्यादा कायम तथा मिडिया क्षेत्रलाई स्वनियमनमार्फत थप विश्वसनीय, मर्यादित र जवाफदेही बनाउन 'प्रेस काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८३' रायका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको छ।

सूचना तथा सञ्चार मन्त्रालयद्वारा प्रस्तावित विधेयकमा हालको प्रेस काउन्सिललाई पुनःसंरचना गरी स्वायत्त र अधिकार सम्पन्न नियामक निकायका रूपमा विकास गर्ने व्यवस्था गरिएको छ। विधेयकले काउन्सिलको नीति निर्माण तथा संस्थागत कामका लागि निर्देशक समिति गठन गर्ने प्रस्ताव गरेको छ।

निर्देशक समितिको अध्यक्ष काउन्सिलका अध्यक्ष रहने व्यवस्था छ भने प्रतिनिधिसभाका सभामुखको परामर्शमा नेपाल सरकारले तोकेका कम्तीमा एक महिलासहित दुई प्रतिनिधिसभा सदस्य, नेपाल पत्रकार महासङ्घका अध्यक्ष, छापा, प्रसारण तथा अनलाइन सञ्चारमाध्यममा कार्यरत श्रमजीवी पत्रकारको प्रतिनिधित्व हुने गरी कम्तीमा एक जना, मान्यता प्राप्त विश्वविद्यालयका पत्रकारिता विषयका एक अध्यापक, आमसञ्चार कानुन, मानव अधिकार, कृत्रिम बौद्धिकता वा सूचना प्रविधि क्षेत्रका एक विज्ञ तथा सञ्चारमाध्यमका पाठक, दर्शक र श्रोतामध्येबाट कम्तीमा एक जना सदस्य रहने प्रस्ताव गरिएको छ। सूचना तथा प्रशारण विभागका महानिर्देशक सदस्य तथा प्रमुख प्रशासकीय अधिकृत सदस्य-सचिव रहने व्यवस्था छ।

निर्देशक समितिले आमसञ्चारसम्बन्धी नीति निर्माणमा नेपाल सरकारलाई सुझाव दिने, काउन्सिलको नीति, वार्षिक योजना तथा कार्यक्रमअनुसार भएका कामको समीक्षा गर्ने र काउन्सिललाई नीतिगत मार्गदर्शन तथा आवश्यक निर्देशन दिनेछ । प्रेस काउन्सिललाईसमेत आवश्यक निर्देशन र मार्गदर्शन गर्ने संयन्त्रका रुपमा निर्देशक समिति रहने तथा काउन्सिललाई कार्यकारी भूमिकामा बढी केन्द्रित गर्ने गरी यस्तो संयन्त्र बनाइएको हो।

काउन्सिलमा नेपाल सरकारबाट नियुक्त अध्यक्ष, सिफारिस समितिको सिफारिसमा नियुक्त एक सदस्य तथा विभागका महानिर्देशक सदस्य रहने व्यवस्था छ। प्रमुख प्रशासकीय अधिकृतले काउन्सिलको सचिवका रूपमा काम गर्नेछन् । अध्यक्ष तथा सदस्यले आफ्नो पदमा रहँदा कुनै पनि सञ्चारमाध्यममा संलग्न हुन पाउने छैनन्।

अध्यक्ष तथा सदस्य नियुक्तिका लागि सभामुखको संयोजकत्वमा सिफारिस समिति रहनेछ । समितिमा सञ्चारमन्त्री सदस्य तथा आमसञ्चार क्षेत्रमा कम्तीमा १५ वर्ष अनुभव प्राप्त व्यक्तिमध्येबाट मन्त्रालयले मनोनयन गरेको एक सदस्य रहनेगरी विधेयकमा प्रस्ताव गरिएको छ।

विधेयक निर्माणको मूल उद्देश्य काउन्सिललाई सरकार तथा सञ्चार मन्त्रालयबाट प्रत्यक्ष प्रभावित हुन नदिई यसको नियामकीय भूमिका थप स्वतन्त्र बनाउनु रहेको प्रस्तावित व्यवस्थाबाट देखिन्छ । निर्देशक समितिमा प्रतिनिधिसभाका सभामुखको भूमिका राखिनु तथा काउन्सिललाई थप कार्यकारी अधिकार दिन खोज्नुले पनि त्यो कुराको पुष्टि गर्छ।

### प्रेस स्वतन्त्रता संरक्षणदेखि एआई निर्मित भ्रामक सामग्री नियमनसम्म

प्रस्तावित काउन्सिललाई प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवं सञ्चारको हकको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने अधिकार दिइएको छ। स्वतन्त्र, स्वच्छ, मर्यादित र जवाफदेही पत्रकारिताको विकास तथा संरक्षण, प्रकाशन तथा प्रसारण स्वतन्त्रता र पत्रकारिताको पेसागत मर्यादा हनन हुन नदिन आवश्यक काम गर्ने जिम्मेवारी पनि काउन्सिललाई दिइनेछ।

काउन्सिलले पत्रकारितासम्बन्धी आचारसंहिता जारी गर्ने, त्यसको कार्यान्वयन अनुगमन गर्ने तथा आचारसंहिताविपरीत प्रकाशित वा प्रसारित सामग्रीको अनुगमन र नियमन गर्नेछ । आचारसंहिता उल्लङ्घनसम्बन्धी उजुरी लिने र सुनुवाइ गर्ने अधिकार पनि काउन्सिललाई हुनेछ।

विधेयकको महत्त्वपूर्ण पक्षका रूपमा मिथ्या सूचना, दुष्प्रचार, सूचना तोडमोड तथा कृत्रिम बौद्धिकता अर्थात् एआईबाट निर्मित भ्रामक सामग्रीको नियमन तथा नियन्त्रण गर्ने व्यवस्था प्रस्ताव गरिएको छ । साथै आमनागरिक, पत्रकार, सञ्चार संस्था र सञ्चारमाध्यमबीच उत्पन्न विवादमा मेलमिलाप गराउने, मिडियाको स्वनियमन तथा स्वमूल्याङ्कन प्रणाली विकास गर्ने र सङ्घ, प्रदेश तथा स्थानीय तहसँग सहकार्य गर्ने जिम्मेवारी पनि काउन्सिललाई दिइएको छ।

त्यसैगरी अब्बल नैतिक अभ्यास गर्ने सञ्चारमाध्यमलाई प्रोत्साहन गर्ने, मिडिया साक्षरता तथा नागरिक सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, मिडिया उपभोक्ताको हकहित तथा अधिकार संरक्षण गर्ने तथा आमसञ्चार र पत्रकारिताका विषयमा अध्ययन, अनुसन्धान तथा प्रशिक्षण सञ्चालन गर्ने अधिकार काउन्सिललाई दिइनेछ।

### चुस्त प्रशासनिक संरचना

विधेयकले काउन्सिलको दैनिक प्रशासन सञ्चालनका लागि प्रमुख प्रशासकीय अधिकृत रहने व्यवस्था गरेको छ । प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति काउन्सिलले गर्नेछ र पदावधि बढीमा चार वर्षको हुनेछ । प्रमुख प्रशासकीय अधिकृतले वार्षिक नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी अध्यक्षसमक्ष पेस गर्ने, वार्षिक कार्यक्रम कार्यान्वयनका लागि कार्ययोजना बनाउने तथा कर्मचारीको रेखदेख, समन्वय, नियन्त्रण, अनुगमन र मूल्याङ्कन गर्ने जिम्मेवारी पाउनेछन्।

### आचारसंहितालाई तीन तहमा वर्गीकरण

विधेयकले आचारसंहिता पालन, अनुगमन तथा कारबाहीलाई पनि नयाँ ढङ्गले व्यवस्थित गर्न खोजेको छ । आचारसंहिता उल्लङ्घनलाई मुख्यतः पत्रकारिता जन्य सामान्य त्रुटि, व्यावसायिक लापरवाही र गम्भीर आचारसंहिता उल्लङ्घनका रूपमा वर्गीकरण गर्ने प्रस्ताव छ।

पत्रकारिताजन्य सामान्य त्रुटिमा नाम, पद, मिति, स्थान, सङ्ख्या वा तथ्यगत विवरणमा भएको त्रुटि, छपाइ, अनुवाद वा सम्पादनसम्बन्धी त्रुटि, समाचार र विचार मिश्रित रूपमा प्रस्तुत भएको त्रुटि तथा समाचारको मूल आशय नबिगार्ने सामान्य तथ्यगत त्रुटि समेटिएका छन्।

व्यावसायिक लापरवाही अन्तर्गत न्यूनतम तथ्य परीक्षण नगरी सामग्री प्रकाशन वा प्रसारण गर्नु, गम्भीर आरोपसम्बन्धी समाचारमा सम्बन्धित पक्षलाई प्रतिक्रिया दिने अवसर नदिनु, अविश्वसनीय वा अप्रमाणित स्रोतको सामग्रीलाई तथ्यका रूपमा प्रस्तुत गर्नु तथा समाचारको वास्तविक आशय विकृत हुने गरी शीर्षक, तस्वीर, भिडियो वा प्रस्तुतीकरण गर्नुजस्ता विषय राखिएका छन्।

तथ्य प्रमाण हुँदाहुँदै गलत सूचना सच्याउन अस्वीकार गर्नु, समाचार स्रोतसँग अनुचित सम्बन्धका आधारमा सूचना लिनु, समाचारलाई विज्ञापनका रूपमा प्रस्तुत गर्नु, पछि गलत सावित भएको सामग्री तथा बारम्बार तथ्यगत त्रुटि दोहोऱ्याउनु पनि व्यावसायिक लापरवाहीअन्तर्गत राखिएको छ।

गम्भीर आचारसंहिता उल्लङ्घनमा कानुनले संरक्षण गरेको बालबालिका तथा यौन हिंसा वा यौन अपराधका पीडितको पहिचान सार्वजनिक गर्नु, वस्तुगत रूपमा गलत सूचना प्रकाशन वा प्रसारण गर्नु, जातीय, धार्मिक, लैङ्गिक वा अन्य आधारमा घृणा, विभेद वा साम्प्रदायिक हिंसा भड्काउने सामग्री प्रकाशन वा प्रसारण गर्नु तथा तथ्य, तस्विर, ध्वनि वा दृश्य सामग्री जालसाजी गरी प्रस्तुत गर्नु समावेश छन्।

यसैगरी तथ्यहीन वा गलत सामग्रीमार्फत व्यक्तिको चरित्र वा इज्जतको मानमर्दन गर्नु, कानुनले संरक्षण गरेको गोपनीयताको गम्भीर उल्लङ्घन गर्नु, अदालतको आदेश जानाजानी उल्लङ्घन गर्नु, प्रतिलिपि अधिकार उल्लङ्घन गर्नु, फोटो, श्रव्यदृश्य वा अन्य प्रमाणको अनधिकृत प्रयोग गर्नु तथा राष्ट्रिय सुरक्षा, सम्प्रभुता र वैदेशिक सम्बन्धमा आँच आउने वा खलल पुग्ने गरी सूचना सामग्री प्रकाशन वा प्रसारण गर्नु पनि गम्भीर उल्लङ्घन मानिनेछ।

### सञ्चारमाध्यमले आफ्नै आचारसंहिता र शैली पुस्तिका बनाउनुपर्ने

विधेयकले काउन्सिलले जारी गरेको आचारसंहिताको पालना गर्नु प्रत्येक सञ्चार संस्था, सञ्चारमाध्यम र पत्रकारको कर्तव्य हुने प्रस्ताव गरेको छ।

सञ्चारमाध्यमले काउन्सिलको आचारसंहितासँग नबाझिने गरी आफ्नै आचारसंहिता, सम्पादकीय मापदण्ड तथा समाचार सामग्री प्रकाशन र प्रसारणसम्बन्धी प्रक्रिया तयार गरी सर्वसाधारणको सहज पहुँच हुने गरी सार्वजनिक गर्नुपर्नेछ।

प्रत्येक सञ्चारमाध्यमले स्वनियमन संयन्त्र स्थापना गरी पाठक, श्रोता र दर्शकका गुनासो सुनुवाइ गर्नुपर्नेछ । पत्रकारिता व्यवसाय र लेखनमा एकरूपता ल्याउन शैली पुस्तिका तयार गरी सार्वजनिक गर्नुपर्ने तथा त्यसको जानकारी काउन्सिललाई गराउनुपर्ने व्यवस्था पनि प्रस्ताव गरिएको छ।

### सञ्चारमाध्यमको लगानी र स्वार्थ सार्वजनिक गर्नुपर्ने

विधेयकले सञ्चार संस्थाको लगानी पारदर्शितासम्बन्धी व्यवस्था पनि गरेको छ। सञ्चार संस्थाका अध्यक्ष तथा सञ्चालकले आफूले लगानी गरेको व्यवसाय, लगानीको क्षेत्र तथा लगानीको स्रोतबारे काउन्सिललाई जानकारी गराउनुपर्नेछ।

त्यसैगरी, कुनै सञ्चार संस्थाले आफू वा आफ्ना सञ्चालकको लगानी रहेको क्षेत्रसँग सम्बन्धित समाचार, लेख वा रचना प्रकाशन वा प्रसारण गर्दा उक्त लगानीसम्बन्धी जानकारी सर्वसाधारणले देख्न, पढ्न वा सुन्न सक्ने गरी खुलाउनुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ।

### कारबाहीसम्बन्धी नयाँ व्यवस्था

पत्रकार आचारसंहिता उल्लङ्घन भएको ठानेमा सरोकारवाला व्यक्ति वा संस्थाले काउन्सिलमा लिखित वा विद्युतीय माध्यमबाट उजुरी दिन सक्नेछन्। कारबाही निर्धारण गर्दा उल्लङ्घनको प्रकृति र गम्भीरता, उल्लङ्घन जानाजानी वा लापरवाहीपूर्वक भएको हो वा होइन, त्यसबाट भएको वा हुनसक्ने सार्वजनिक प्रभाव, गल्ती सच्याउन वा क्षति न्यूनीकरण गर्न सम्बन्धित पक्षले गरेको प्रयास, जाँचबुझमा गरेको सहयोग तथा उल्लङ्घन दोहोरिएको अवस्था हेर्नुपर्ने प्रस्ताव विधेयकमा राखिएको छ।

आचारसंहिता उल्लङ्घनको प्रकृति हेरी फरक-फरक कारबाहीको व्यवस्था गरिएको छ। सामान्य पत्रकारिताजन्य त्रुटिमा सच्याउन निर्देशन दिने, क्षमायाचना गराउने वा काउन्सिलले तोकेको सङ्ख्या, समय, स्थान वा पृष्ठमा खण्डन प्रकाशन वा प्रसारण गर्न लगाउन सकिनेछ । व्यावसायिक लापरवाहीमा सच्याउन वा स्पष्टीकरण दिन आदेश दिने, सार्वजनिक रूपमा क्षमायाचना गराउने वा क्षमायाचना नगरेमा काउन्सिलको अभिलेखमा राखी नाम सार्वजनिक गर्न सकिने व्यवस्था छ।

विधेयकको व्यवस्था अनुसार गम्भीर प्रकृतिको उल्लङ्घनमा नेपाल सरकारबाट प्राप्त हुने सेवा, सुविधा, सहुलियत, लोककल्याणकारी विज्ञापन वा अन्य सुविधा तोकिएको अवधिका लागि आंशिक वा पूर्ण रूपमा रोक लगाउन सम्बन्धित निकायमा सिफारिस गर्न सकिनेछ। बढीमा एक वर्षका लागि प्रेस पास निलम्बन गर्न विभागसमक्ष सिफारिस गर्न सकिने व्यवस्था छ।

यी कारबाही पर्याप्त नभएको अवस्थामा सम्बन्धित व्यक्तिको मर्यादा वा प्रतिष्ठामा गम्भीर असर परेको वा सम्पत्ति तथा व्यवसायमा हानी-नोक्सानी भएको देखिएमा काउन्सिलले न्यूनतम रु पाँच हजारदेखि अधिकतम रु एक लाख सम्म जरिवाना गर्न तथा क्षतिपूर्ति भराइदिन सक्नेछ।

कुनै सामग्रीका कारण व्यक्तिको मर्यादा वा प्रतिष्ठामा आँच पुगेको देखिएमा काउन्सिलले उजुरीकर्ता तथा सम्बन्धित सञ्चार संस्था, सञ्चारमाध्यम वा पत्रकारबीच मेलमिलाप गराउन सक्ने व्यवस्था गरिएको छ । काउन्सिलको कारबाही वा आदेशमा चित्त नबुझे सम्बन्धित पक्षले आदेश भएको मितिले ३५ दिनभित्र उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ । आचारसंहिता उल्लङ्घनसम्बन्धी कारबाही भइरहेको वा भइसकेको कारणले अन्य प्रचलित कानुन बमोजिम कसुर भएमा छुट्टै कानुनी कारबाही गर्न बाधा नपर्ने व्यवस्था पनि विधेयकमा राखिएको छ।

### काउन्सिलको छुट्टै कोष

आर्थिक रूपमा पनि स्वायत्त र अधिकार सम्पन्न बनाउन प्रेस काउन्सिलका लागि छुट्टै कोष रहने प्रस्ताव गरिएको छ। कोषमा नेपाल सरकारबाट प्राप्त रकम, स्वदेशी व्यक्ति वा सङ्घसंस्थाबाट प्राप्त अनुदान तथा सहायता, विदेशी सरकार वा निकायबाट प्राप्त वैदेशिक सहायता तथा काउन्सिलको अन्य स्रोतबाट प्राप्त गरेको रकम रहनेछ।

### सञ्चारमाध्यमको वर्गीकरण

विधेयकले काउन्सिल लाई सञ्चारमाध्यमको वर्गीकरण गर्ने जिम्मेवारी पनि दिएको छ। उच्च व्यावसायिक अभ्यास, आचारसंहिताको पालना, खोजमूलक तथा नवीनतम सामग्री उत्पादन, सन्तुलित तथा समावेशी जनशक्ति, सञ्चारको पहुँच क्षेत्र, सामग्रीमा बहुआयामिकता तथा नवप्रवर्तनमुखी दृष्टिकोणलाई सञ्चार माध्यमको वर्गीकरणको आधार बनाइने विधेयकमा उल्लेख छ।

# नेपाल र प्रशान्त क्षेत्रका टापु राष्ट्रहरू जलवायु सङ्कटको अग्रपंक्तिमा छन् : परराष्ट्रमन्त्री खनाल

काठमाडौं । परराष्ट्रमन्त्री शिशिर खनालले नेपाल र प्रशान्त क्षेत्रका टापु राष्ट्रहरू भौगोलिक रूपमा टाढा भए पनि जलवायु परिवर्तनको बढ्दो प्रभावका कारण एउटै पारिस्थितिक सङ्कटको अग्रपंक्तिमा रहेको बताउनुभएको छ ।

फिजीमा मंगलबार आयोजित 'प्रि-कोप लिडर्स इभेन्ट' अन्तर्गतको उच्चस्तरीय 'लिडर्स प्लेनरी' लाई सम्बोधन गर्दै उहाँले हिमाल र महासागरबीच गहिरो अन्तरसम्बन्ध रहेको उल्लेख गर्नुभयो। उहाँले उच्च हिमाली क्षेत्रमा अवस्थित नेपाल र प्रशान्त क्षेत्रका साना टापु राष्ट्रहरूले जलवायु परिवर्तनका कारण समान प्रकृतिका चुनौती सामना गरिरहेको बताउनुभएको उहाँको सचिवालयले जनाएको छ ।

पछिल्लो समय नेपालमा भएका विनाशकारी हिमताल, हिमनदी तथा चट्टान भत्किने घटनाबाट सिर्जित 'हिमालयन सुनामी' ले ठूलो मानवीय क्षति पुऱ्याएको उल्लेख गर्दै मन्त्री खनालले जलवायु परिवर्तनका प्रभाव हिमालमा मात्र सीमित नरहेको बताउनुभयो ।

उहाँले हिमालयका हिमनदी पग्लिँदा समुद्री सतह वृद्धि हुनुका साथै प्रशान्त क्षेत्रमा थप शक्तिशाली चक्रवातलगायत जलवायुजन्य जोखिम बढ्ने उल्लेख गर्नुभयो । 'हिमाल र महासागर एउटै ग्रहका विभाजन गर्न नसकिने भागको निरन्तरता हुन्, जुन साझा जलचक्र र मानवताको साझा भविष्यबाट जोडिएका छन", उहाँले भन्नुभयो ।

परराष्ट्रमन्त्री खनालले जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित मुलुकहरूले भोगिरहेको जलवायु अन्यायप्रति पनि ध्यानाकर्षण गराउनुभयो । विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नगण्य योगदान रहेका कमजोर तथा विकासशील मुलुकहरूले मानवीय जीवन, महत्त्वपूर्ण पूर्वाधार र विकासका उपलब्धि गुमाएर जलवायु सङ्कटको असमान मूल्य चुकाइरहेको उहाँको भनाइ थियो ।

"जलवायु जोखिममा रहेका मुलुकको अवस्थालाई विश्वव्यापी न्यायपूर्ण जिम्मेवारीमार्फत तत्काल सम्बोधन गरिनुपर्छ", उहाँले भन्नुभयो । आगामी संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन संरचना महासन्धिको ३१औँ सम्मेलन (कोप-३१) का लागि नेपालको प्राथमिकता प्रस्तुत गर्दै उहाँले तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसको सीमाभित्र कायम राख्ने लक्ष्यप्रति दृढ प्रतिबद्धता, ऋणको बोझ नथपिने



गरी पूर्वानुमानयोग्य तथा अनुदानमा आधारित अनुकूलन वित्त, हानी तथा क्षति कोषको शीघ्र कार्यान्वयन तथा हिमाल र महासागरमा आधारित राष्ट्रहरूबीच औपचारिक 'सगरमाथादेखि समुद्रसम्म' साझेदारी स्थापना गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले जलवायु परिवर्तनका कारण समान जोखिममा रहेका हिमाली तथा टापु राष्ट्रहरूबीच सहकार्यलाई थप सुदृढ बनाउनुपर्ने धारणा राख्नुभयो । मन्त्री खनालले फिजीको 'सोलेसोलेवाकी' र नेपालको 'श्रमदान' जस्ता सामुदायिक सहकार्यका सांस्कृतिक अभ्यासलाई स्मरण गर्दै जलवायु सङ्कट सामना गर्न विश्वव्यापी ऐक्यबद्धता र एकीकृत नेतृत्व आवश्यक रहेको बताउनुभयो। उहाँले कोप-३१ सम्मको यात्रामा साझा जोखिमलाई कार्यान्वयनयोग्य जलवायु न्यायमा रूपान्तरण गर्न सामूहिक प्रयास आवश्यक रहेको उल्लेख गर्नुभयो ।

# विदेश पठाइदिने नाममा ठगी गर्ने पक्राउ

काठमाडौं । वैदेशिक रोजगारीका लागि विभिन्न देश पठाइदिने प्रलोभन देखाएर लाखौं रुपैयाँ ठगी गरेको आरोपमा प्रहरीले चार जनालाई पक्राउ गरेको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले स्पेन, रोमानिया, न्युजिल्याण्ड र बेलायत पठाइदिने भन्दै पीडितबाट ठूलो रकम लिएर सम्पर्कविहीन भएका उनीहरुलाई काठमाडौं बाट पक्राउ गरेको हो । पक्राउ पर्नेमा काठमाडौंका दीपेन्द्र दाहाल, धादिङका रमेश दनै, बागलुङका युवराज रिजाल र रोल्पाका वीरसिंह बाठा छन् । प्रहरीका अनुसार दाहालले स्पेन पठाइदिने भन्दै रु ३५ लाख ९४ हजार लिएका थिए ।

त्यसैगरी, दनैले रोमानिया पठाइदिने भन्दै रु दुई लाख, रिजालले न्युजिल्याण्ड पठाइदिने भन्दै रु चार लाख र बाठाले बेलायत पठाइदिने भन्दै रु १६ लाख ७८ हजार रकम उठाएको उजुरी परेको थियो । रकम लिएर सम्पर्कविहीन भएको भन्दै पीडितले प्रहरीमा उजुरी दिएपछि उनीहरूलाई पक्राउ गरिएको प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिनुभयो। पक्राउ परेका चारै जनालाई थप अनुसन्धान तथा आवश्यक कानुनी कारबाहीका लागि वैदेशिक रोजगार विभाग, ताहाचल पठाइएको प्रहरीले जनाएको छ ।

# देशभर १७ विपद्का घटना, तीनको मृत्यु

काठमाडौं । पछिल्लो २४ घण्टामा देशभर १७ वटा विपद्का घटना भएका छन्। ती घटनामा परी तीन जनाको मृत्यु भएको छ भने १४ जना घाइते भएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार सिरहा, नवलपरासी पूर्व, बाँके, कैलाली र डडेल्धुरामा सर्पदंशका घटना भएका छन् । ओखलढुङ्गा, सल्यान, बागलुङ र प्यूठानमा पहिरो तथा धनुषा, भक्तपुर, चितवन र लमजुङमा आगलागी भएको छ। बर्दियामा हावाहुरी तथा कैलाली र कास्कीमा चट्याङ परेको छ । झापामा जनावरको आक्रमण भएको प्राधिकरणले जनाएको छ ।

विपद्मा परी घाइते भएकाको सम्बन्धित जिल्लाका अस्पतालमा उपचार भइरहेको छ । विपद्का कारण रु ५० लाख ४५ हजार बराबरको आर्थिक क्षति भएको छ। मौसममा देखिएको परिवर्तनसँगै विभिन्न स्थानमा विपद्का घटना दोहोरिन सक्ने भएकाले प्राधिकरणले सर्वसाधारणलाई सतर्कता अपनाउन आग्रह गरेको छ ।

विपद्को जोखिम देखिएमा स्थानीय प्रशासन, सुरक्षा निकाय तथा सम्बन्धित निकायसँग समन्वय गरी सुरक्षित स्थानमा जान प्राधिकरणले अनुरोध गरेको छ ।

# पर्यटकलाई दु:ख दिने १५ जना पक्राउ

कास्की । पोखरा महानगरपालिकाका विभिन्न क्षेत्रमा कास्की प्रहरीले मंगलबार सञ्चालन गरेको 'स्वीप अप्रेसन' का क्रममा १५ जना पक्राउ परेका छन् । चाडपर्वको समयमा पर्यटकलाई जबरजस्ती सवारीसाधनमा चढाउन खोज्ने, होटल मिलाइदिने भन्दै झोला तान्ने तथा विभिन्न बहानामा दु:ख हैरानी दिएका कारण उनीहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिनुभयो। उहाँका अनुसार आउँदै गरेको चाडपर्वलाई लक्षित गरी जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी कार्यालयबाट परिचालन गरिएको टोलीले महानगरका विभिन्न क्षेत्रमा सञ्चालन गरेको 'स्वीप अप्रेसन' का क्रममा उनीहरूलाई नियन्त्रणमा लिएको हो ।

पोखराको पृथ्वीचोक, सभागृहचोक र सिर्जनाचोक आसपासका क्षेत्रमा पर्यटक तथा सर्वसाधारणलाई लक्षित गरी जबरजस्ती सवारीसाधनमा चढाउन खोज्ने, होटल मिलाइदिने भन्दै पर्यटकका झोला तान्ने, करकाप गर्ने तथा अनावश्यक रूपमा दु:ख हैरानी दिने गतिविधिमा संलग्न व्यक्तिहरूमाथि निगरानी बढाइएको प्रहरी नायब उपरीक्षक पासवानले बताउनुभयो । सोही क्रममा सार्वजनिक सवारीसाधनमा जबरजस्ती चढाउन खोज्ने तथा होटल मिलाइदिने भन्दै पर्यटकको झोला तान्ने छ जना, अफलाइन पठाओ तथा इन्ड्राइभका चालक आठ जना र जीपका एक चालकलाई नियन्त्रणमा लिइएको छ। नियन्त्रणमा लिइएका सबैलाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वडा प्रहरी कार्यालय बैदाम पठाइएको उहाँले बताउनुभयो ।

"चाडपर्व तथा पर्यटकीय याममा पोखरामा आन्तरिक तथा बाह्य पर्यटकको आवागमन बढ्ने भएकाले पर्यटकलाई सुरक्षित र सहज वातावरणमा घुम्ने व्यवस्था मिलाउन प्रहरीले यस्ता गतिविधिमाथि निगरानी बढाएको हो", प्रनाउ पासवानले भन्नुभयो ।

पर्यटक तथा सर्वसाधारणलाई अनावश्यक दु:ख हैरानी दिने, जबरजस्ती सवारीसाधनमा चढाउन खोज्ने वा सेवा उपलब्ध गराउने नाममा करकाप गर्ने गतिविधि नगर्न सम्बन्धित सबैलाई प्रहरीले आग्रह गरेको छ । साथै यस्ता गतिविधि गरेको पाइएमा नजिकको प्रहरी कार्यालय वा प्रहरीलाई खबर गर्न सर्वसाधारणमा अनुरोध गरिएको छ।


# नीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

## करारमा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति: २०८३।०६।२१)

सङ्घीय सशर्ततर्फको मातृ तथा नवजात शिशु कार्यक्रम अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाकोलागि आवश्यक देहायको योग्यता भएको जनशक्ति खुल्ला प्रतिस्पर्धाको माध्यमबाट करारमा लिनुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीकालागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. **करार सेवामा आवश्यक जनशक्ति विवरण र योग्यता :**

| विज्ञापन नं. | पद, तह | संख्या | दरखास्त दस्तुर | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| २-०८३।०८४ | अ.न.मी., चौथों | ३ | रु. ४००।- | मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा अ.न.मी. कोर्स उत्तीर्ण । |

२. **दरखास्त फाराम पाईने तथा बुझाउने स्थान :** नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धादिङ
३. **दरखास्त दिने अन्तिम मिति :** सूचना मितिबाट १५ दिनभित्र आवेदन गर्ने अन्तिम मितिमा विदा परेमा सोलगतै कार्यालय खुलेको दिन कार्यालय समयभित्र ।
४.**उमेर हद :** १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको ।
५. **छनौटको किसिम/आधार :** नीलकण्ठ नगरपालिकाको करारमा प्राविधिक जनशक्ति व्यवस्था गर्ने सम्बन्धी कार्यविधि, २०७७ बमोजिम लिखित परीक्षा र अन्तर्वार्ता हुने । प्रदेश लोकसेवा आयोगले सम्बन्धित पदको लागि निर्धारण गरेको पाठ्यक्रमको विषयवस्तुमा रही ५० पूर्णाङ्कको लिखित परीक्षा । SBA तालिम प्राप्तलगायत कार्यक्रम सञ्चालन मार्गदर्शन २०८३/८४ले तोकेका विषयमा प्राथमिकता दिईनेछ ।
६. **दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु :** नागरिकता प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी, तालिमको प्रमाणपत्र, ३ प्रति पासपोर्ट साईजको फोटो, अनुभव सम्बन्धी कागजात ।
७. **लिखित तथा अन्तर्वार्ता मिति :** पछी सूचना गरिने ।
८.**काम गर्नुपर्ने स्थान र कार्यविवरण :** खाल्टे, मुरलीभञ्जाङ र धुवाँकोट स्वास्थ्यचौकीमा । २४ सैं घण्टा प्रसुति सेवा सञ्चालन गर्ने लगायत सम्वन्धित पदको लागि तोकिए बमोजिमको कार्यविवरण ।
९. **शर्त तथा मापदण्ड तथा पारिश्रमिक :** करार सेवाको लागि प्रचलित कानूनद्धारा अयोग्य नठहरेको हुनुपर्ने । करार अवधी २०८४ असार मसान्तसम्म । पारिश्रमिक कार्यालयको नियमानुसार ।

अन्य थप जानकारीको लागि नीलकण्ठ नगरपालिकाको वेभपेज www.neelakanthamun.gov.np वा कार्यालयको फोन नं. ०१०-५२०५५९ मा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत


# जुम्लामा मार्सीधान पाक्न थाल्यो

जुम्ला । गत जेठमा रोपेको मार्सीधान पाक्न थालेको छ। यहाँका धानफाँट पँहेलपुर हुन थालेका छन् ।

पछिल्लो समय देश तथा विदेशमा मार्सी धानको चामलको माग बढ्दै गएको कृषि विकास कार्यालयका प्रमुख रामभक्त अधिकारीले जानकारी दिनुभयो ।

यो याममा खेतबारी मार्सीधानलगायत अन्य जातको धानले पँहेलपुर भएको छ । मार्सीधान, संरक्षण प्रवर्द्धनमा प्रदेश सरकारको प्रथामिकतामा परेको छ । कार्यक्राअन्तर्गत प्राङ्गारिक कृषि प्रवर्द्धन, रैथाने बाली विकास र संरक्षणका लागि प्रदेशको कृषि मन्त्रालयबाट रु ८ लाख ५० हजार बजेट विनियोजन भएको प्रमुख अधिकारीले जानकारी दिनुभयो ।

यसैगरी प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजनाबाट मार्सीधान ब्लक विकास कार्यक्रमका लागि रु ८ लाख प्राप्त भएको छ । जिल्लामा दुई हजार ८८८ हेक्टर क्षेत्रफलमा धान खेतीहुने गरेको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com